नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# गिरी सन्तोष पन्तसँगै सम्मानित

## मह सञ्चार दाल, भात, तरकारी बनाउँदै



नेपाल समाचारपत्रका समाचार सम्पादक विदुर गिरी सम्मानित भएका छन्। हास्यव्यंग्य अभिनेता किरण केसीले जन्मदिनको अवसरमा शुक्रबार ललितपुरस्थित इन्द्रेणी फुडल्यान्डमा आयोजना गरेको *हास्यव्यंग्यमा समाज तथा सम्मान कार्यक्रम*मा गिरीलाई ख्यातिप्राप्त हास्यव्यंग्य अभिनेता सन्तोष पन्तका साथ नगद १० हजार रुपियाँसहित सम्मान गरिएको हो। गिरी र पन्तलाई प्रमुख अतिथि ख्यातिप्राप्त हास्य अभिनेता मदनकृष्ण श्रेष्ठ, दीपकराज गिरी, हास्य अभिनेतृ वसुन्धरा भुसाललगायतले सम्मान गरेका थिए।

गिरी र पन्तलाई पत्रकारिता तथा कला क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको केसीले बताए। उनले हरेक वर्ष आफ्नो जन्मदिनको अवसर पारेर असार १५ गते पत्रकारिता र हास्यव्यंग्यका क्षेत्रमा योगदान पुऱ्याउने कलाकारलाई सम्मान गर्दै आएका छन्। किरणले आफ्नो जन्मदिनको अवसर पारेर हजुरबुबा बडाहाकिम स्व. भोजराज केसी, हजुरआमा स्व. हृदयकुमारी केसी, बुबा ले.क. स्व. दुर्गाबहादुर केसी र आमा स्व. इन्द्रकुमारी केसीको नाममा कला क्षेत्रमा योगदान दिने एक जना पत्रकार र एक जना हास्यव्यंग्यकारलाई सम्मान गर्दै आएका छन्।

कार्यक्रममा ६०औं जन्मदिन मनाएका अभिनेता केसीले कला क्षेत्रमा ४ दशक बिताएकाले आफ्नो क्षेत्रका मानिसलाई आफैंले सम्मान र प्रोत्साहन गर्नुपर्छ भन्ने सोचका साथ केही वर्षदेखि जन्मदिनको अवसर पारेर यस्तो कार्यक्रम राखेको बताए। 'कलाकार र पत्रकार नङ र मासु जस्तै हुन्। त्यसैले मैले यो क्षेत्रका लागि केही गरौं भन्ने सोचिरहेको थिएँ र यसखाले कार्यक्रम गर्न थालेको हुँ। मैले मेरो परिवारलाई पनि भन्ने गरेको छु कि मैले यो पृथ्वी छोडेपछि पनि बरु मेरो श्राद्ध नगरे हुन्छ। तर, यो सम्मानको कार्यक्रमचाहिँ गर्नु।' -किरणले भने। सोही अवसरमा किरणले मह सञ्चारको प्रस्तुति र आफ्नो प्रस्तुतिमा अब मंसिर महिनादेखि नयाँ फिल्म *दाल, भात, तरकारी* निर्माण गर्ने घोषणासमेत गरे। यो फिल्म उनका पुत्र सूदन केसीले निर्देशन गर्नेछन्।

सम्मान ग्रहणपश्चात् बोल्दै नेपाल समाचारपत्रका समाचार सम्पादक गिरीले प्रतिष्ठित कलाकारका बीच सम्मानित हुन पाउँदा गौरवान्वितसँगै थप जिम्मेवारी बोध भएको बताए भने हास्यव्यंग्य अभिनेता पन्तले सम्मानले आफूलाई मात्र नभएर यस क्षेत्रमा लाग्ने सबैलाई हौसला मिल्ने बताए। 'सरकारले कला क्षेत्रका व्यक्तिहरूलाई सम्मान गरेको त्यति देखिँदैन। तर, सामाजिक क्षेत्रबाट भने कला क्षेत्रलाई सम्झिएको पाइन्छ।' -उनले भने।



प्रमुख अतिथि हास्य अभिनेता मदनकृष्ण श्रेष्ठले *१५ गते* नामक सिरियलमा किरणलाई पहिलोपटक खेलाएको र त्यहींबाट उनी सफल भएको स्मरण गरे। 'त्यतिखेर सानो रोलका लागि कलाकार खोज्दा किरणको नाम आयो। 'खर्च घटाउन गाडी भएको कलाकार चाहिएको थियो। किरणसँग गाडी थियो र लियौं। भाडा बचाउन किरणलाई लियौं, तर ऊ त्यसैबाट सफल भयो', मदनकृष्णले भने- 'किरण सरल र सहयोगी स्वभावका छन्। आफ्नो जन्मदिनको अवसरमा कलाकारिता र पत्रकारितामा लामो समयदेखि योगदान दिएका दुई व्यक्तिलाई सम्मान गरेकोमा धन्यवाद।' उनले कला क्षेत्रमा कामना मासिकको स्थापना पश्चात् कलाकारहरूले स्थान पाएको चर्चा गर्दै *कामना*ले सम्मान गरेपछि नै कलाकारहरूले सामाजिकरूपमा सम्मान र प्रतिष्ठा पाउन थालेको बताए।

# माइकल ज्याक्सनका पिताको निधन

पप सम्राट स्व. माइकल ज्याक्सनका पिता जो ज्याक्सनको निधन भएको छ।

एजेन्सिका अनुसार ८९ वर्षीय उनको अमेरिकाको लस भेगाससस्थित एक अस्पतालमा बुधबार निधन भएको हो। उनी क्यान्सरसहित अन्य रोगबाट पीडित थिए। एकपटक उनलाई हृदयघात पनि भएको थियो। क्यान्सरको अन्तिम चरणसँग जुधिरहेका उनलाई अस्पताल भर्ना गरिएको थियो। जोलाई भेट्न उनको पत्नी क्याथरिनसहित पारिवारिक सदस्य यसै साता अस्पताल पुगेका थिए। केही वर्षदेखि उनको पारिवारिक सदस्यका साथ राम्रो सम्बन्ध थिएन। माइकल ज्याक्सनसँग पनि उनको सम्बन्ध राम्रो थिएन।

उक्त अस्पतालमा साधारणतया अन्तिम अवस्थामा पुगेका बिरामीहरूलाई भर्ना गरिन्छ। उनको निधनको पुष्टि माइकल ज्याक्सनको समूहले गरेको एजेन्सीले जनाएको छ।



## धरहरा

# असार १५ संस्कृति कि विकृति ?



हिजो असार १५। दही चिउरा खाने दिन। मानो रोपेर मुरी उब्जाउने दिन। चाडपर्व उत्सव पनि कति रमाइलो। हुनेखानेलाई मजैले असार १५ लागेको देखियो। नहुने कन्त बिजोग। अर्काको मेलामा भारपर्म गरेर जीविका चलाउनेलाई दही चिउरा मिल्यो कि मिलेन भन्ने प्रश्नले धरहरालाई झकझक्याएको छ।

गाउँघरमा एकथरीलाई असारभरि नै दही चिउरा हुन्छ। अर्का थरीलाई दही चिउरा भनेको दशैं कुरेजस्तै हो। शहरमा पनि दही चिउराको कमी छैन। दिनभरिको भोक र थकाइ मेटाउँछ दही चिउराले। गाउँमा दही खानलाई गाईभैंसी पाल्नुपऱ्यो र मजाले धान रोप्नुपऱ्यो नत्र यो असारे हिलोमा कसले दिन्छ र दही चिउरा? पैसा भए पाइन्छ भन्ने सोच्नुहोला, यो गाउँघरमा असम्भव नै छ।

हिलो छ्यापेर रमाइलो गर्दै धान रोप्ने दिन हो असार १५। खले गरामा बीउको मुठो राखी वरिपरि धान रोपेर खेतका मालिकलाई हिलो खुवाउने परम्परा हिजोआज अर्काकी छोरीबुहारीलाई अँगालो मारेर होली खेलेझैं खेल्यो अनि फेसबुकमा ट्याक्क फोटो अपलोड गऱ्यो, हल्का दही चिउरा खाएको फोटो पनि पोस्ट गऱ्यो। बस सकियो असार १५, खाइयो दही चिउरा। यो छाडा संस्कृति कहिलेसम्म भन्ने पीर लागेको छ धरहरालाई।

# कलाकार कपाली हेपटाइटिसका कारण समस्यामा



सानो र ठूलो पर्दाको नेपालभाषाका फिल्मका कलाकार मानकृष्ण कपाली 'वावा' हेपाटाइटिस बीको समस्याका कारण ५ महिनादेखि अस्वस्थ हुन पुगेका छन्।

वीर अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा कलेजोमा समस्या देखिएपछि निदान अस्पतालमा उपचार गराइरहेका उनका अनुसार कलेजो ड्यामेज भएका कारण डाक्टरको सल्लाहमा औषधि सेवन गरिरहे पनि कलेजो प्रत्यारोपण गर्नुपर्ने अवस्थासमेत आउन सक्ने भएकाले समस्या परेको छ।

सानै बेलादेखि गायनमा रुचि राख्ने उनले डेढ वर्षदेखि कलाकारितामा सक्रिय रहेर नेवारी भाषाका *थोला ज्ञानपु स्टाइल, अंश, याक म्हया, जीपी बदमास मखु* जस्ता नेवारी फिल्म तथा *ख्वताबजी* जस्ता टेलिसिरियलमा अभिनय गरेका छन्। 'बिरामी भएका कारण *ख्वताबजी*मा काम गर्न सकेको थिइनँ तर अघिल्लो हप्तादेखि भने काम गरेको छु।' -उनले भने। नेपाली र नेवारी भाषाका गीत तथा गजल लेखनमा समेत सक्रिय उनले केही भजन पनि गाएका छन्। उनका गीत तथा गजलहरू मदनकृष्ण श्रेष्ठ, प्रेमध्वज प्रधान, योगेश वैद्य, प्रकाश श्रेष्ठ, सतेश महर्जन, सरोज बुद्धाचार्य, सपना श्री, प्राश्ना शाक्य जस्ता गायकगायिकाले गाएका छन्। उनको संगीतमा *बुद्ध मिखा, सिनुनुग, गुलमरी प्यारामरी* र बुद्ध गरी-४ गीति एल्बमसमेत प्रकाशित छन्।

हालै उनको उपचारका लागि काठमाडौं महानगरपालिका-२५ का वडा अध्यक्ष नीलकाजी शाक्यले महानगरपालिकाको तर्फबाट नगद १ लाख रुपियाँ सहयोग गरेका छन्। उपचार शुल्क उच्च रहने भएकाले उनले आफ्नो स्वास्थ्य उपचार सहयोगका लागि अपिलसमेत गरेका छन्।

# अवार्ड किन-बेच भए बहिष्कार गर्छौं : बद्री पंगेनी



विगतका वर्ष जस्तै यस वर्ष पनि दोहोरी क्षेत्रका कलाकार सर्जकका लागि दोहोरी गीतको अवार्ड हुने भएको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समिति काठमाडौंको आयोजनामा आगामी असोजमा *छैठौं राष्ट्रिय लोकदोहोरी अवार्ड-२०७५* हुन लागेको हो। यसका लागि राजधानीका विभिन्न ठाउँमा फारम उपलब्ध गराइने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समिति, काठमाडौंका अध्यक्ष पीएन सापकोटाले राजधानीमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। पछिल्लो समय विभिन्न अवार्डको आयोजना भए पनि लोक तथा दोहोरी गीतको विधामा काम गर्दै आएका कलाकारका लागि यो अवार्ड आयोजना गर्दै आएको अध्यक्ष सापकोटाले बताए। उनले अवार्ड भव्य र सभ्य तरिकाले सम्पन्न हुने दाबी गरे। 'हामीले गत वर्ष पनि निकै सभ्य र भव्य तरिकाले अवार्ड समारोह सम्पन्न गरेका थियौं। अहिले पनि त्यसै हुनेछ।' -उनको भनाइ थियो।

पत्रकार सम्मेलनमा प्रमुख अतिथि राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष बद्री पंगेनीले अन्य अवार्डमा जस्तो यस अवार्ड 'किनबेचु नहुने जानकारी गराए। 'अन्य अवार्डमा के हुन्छन् त्यो हामी जान्दैनौं र सरोकार पनि राख्दैनौं। तर, यो अवार्डमा यदि कसैले पैसा लिएर अवार्ड बेचेको किनेको थाहा पाउनुभएछ भने प्रमाण देखाउनुहोला, अवार्ड नै बहिष्कार गर्नेछौं।' -पंगेनीले भने।

कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समितिका पूर्वअध्यक्ष शिव हमालले आफ्नो कार्यकालदेखि नै अवार्ड समारोहलाई सभ्य तरिकाले अगाडि बढाएको दाबी गरे। अवार्डमा ५ सम्मानका विधासहित २१ विधालाई समावेश गरिने बताइएको छ। लोक तथा दोहोरी गीतको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको निम्ति अग्रजलाई सम्मान नयाँलाई प्रोत्साहन भन्ने नाराको साथमा २०६९ सालबाट यो अवार्ड आयोजना हुँदै आएको छ।

विज्ञापन रकम भुक्तानीबारे

अत्यन्त जरूरी सूचना

यस कामना न्युज पब्लिकेसन्स प्रा. लि. द्वारा प्रकाशित लोकप्रिय राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, कामना र साधनामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापन दाताहरुले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही मिति २०७५ असार २९ गतेसम्म भुक्तानी गर्न हुन सूचित गरिन्छ । यदि कुनै विज्ञापन दाताको हिसाब मिलान गर्न बाँकी रहेमा २०७५ असार २५ गते यस संस्थाको लेखा शाखामा उपस्थित भई हर-हिसाब मिलान गर्न सूचित गरिन्छ । तोकिएको मितिभित्र हिसाब मिलान नगरेमा संस्थाको हिसाबलाई नै अन्तिम मानिने छ।

साथै माथि उल्लेखित मितिभित्र भुक्तानी र हर-हिसाब मिलान नगरिएमा यस संस्थाबाट दिइँदै आएको सुविधा दिन बाध्य नहुने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा

कामना न्युज पब्लिकेसन्स् प्रा.लि

भीमसेनस्थान, काठमाडौं

फोन नं. ०१ - ४२६११७९

nsprevenue@gmail.com

www.newsofnepal.com




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ